# गुल्मीदरबार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

च. न. १३५
प. स. २०७७/०७८

५ न. प्रदेश, नेपाल
गौंडाकोट, गुल्मी

**प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०७७/०४/१५)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.सं.२०७७/०७८ च.नं. २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस गुल्मीदरवार गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | २/०७७/०७८ | प्राविधिक सहायक | सहायक पाँचौं | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

(क) सिभिल इन्जिनियरङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तिर्ण भएको

(ख) अनुभव र सिपः- प्राविधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछः-

- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्यूटर सिप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- गुल्मीदरवार गाउँपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मितिः- २०७७/०४/३० कार्यालय समय भित्र

४. आवेदन दस्तुरः- रु. १०००।– (एक हजार)

५. दरखास्त फारम पाइने स्थानः- गाउँपालिकाको कार्यालय वा www.pmep.gov.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिने छ ।

६. छनौटको किसिमः-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा

७. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकताको प्रतिलिपि
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
- चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

८ .सेवा सुविधाः गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा -(११), (१२) र (१३) बमोजिम हुनेछ ।

९. पदले सम्पादित गर्नु पर्ने कार्यविवरणः- गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोटः- विस्तृत जानकारीको लागि सम्पर्क सूचना अधिकारीको फो.नं. ९८५७०७४४०० र ९८६७०१४३००

२०७७/०४/१५
लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

**लक्ष्मण पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**